८१५

# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

### काठमाडौं ज्येष्ठ १२ गते ०१० साल

### भाग २

## अर्थ (आय) विभागको सूचना

### बनाउन ल्याए लगेको मालको महसूल

विभिन्न वस्तुहरू बनाउन ल्याउदा र बनाई लैजाँदासमेत निकाशी पैठारीको महसूल बुझाउनुपर्दा मर्का पर्न जाने बेहोरा जाहेर हुँदा निम्न लेखिएबमोजिमको नियमको रीत पुऱ्याई छाडिदिने निकाशा भएकोले सोबमोजिम गर्नु गराउनु-होला।

(१) कुनै माल बिक्री बनाउननिमित्त ल्याउनुपर्दा दरबन्दीबमोजिम महसूल डिपोजिट लिई सो मालको नम्बर साइज विवरणसमेत टिपोट गरी राख्ने र २ महिनाभित्र सम्ममा सोही मानिसले लगेमा डिपोजिट रहेको

८१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९६



रुपैयाँ फिर्ता दिलाउने म्यादभित्र नलगे डिपोजिट सदर स्याहा गर्ने ।

(२) कुनै माल विदेशमा लगी बनाउन लाने मानिसहरूले पहिले बनाउन लैजाँदै यो यति चीज बिग्री यो यो पार्ट पुर्जा फेर्नुपर्ने भन्नेसमेत विवरण खुलाई टिपोट गरी लाग्ने महसूल डिपोजिट राखी लैजाने सो माल पछि उसैले २ महिनाभित्र फर्काई ल्याएमा सो विवरणबमोजिम पार्ट पुर्जा फेरी आएको हो होइन, जाँची फेरी ल्याएको पार्ट पुर्जाहरूको महसूल कटाई बाँकी रहेको सम्म फिर्ता दिन लगाउने म्यादभित्र नल्याए डिपोजिट रहेको रुपैयाँ सदर स्याहा गर्ने

आज्ञाले ,
हिमालयशमशेर ,
सेक्रेटरी— अर्थविभाग .



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग